नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सुनसरी

## जिल्लाबासीमा सादर अनुरोध !

यस कार्यालयको मिति २०८०।०८।१० गतेको सूचना मार्फत जिल्लाबासीमा धार्मिक तथा सांस्कृतिकरुपमा मनाइने चाडपर्व एवं विवाह, जात्रा, अष्टजाम, सप्ताहा पुराणलगायतका कार्यक्रमहरुबाट ध्वनी प्रदूषण हुन गई दैनिक जीवनयापन, अध्ययन/अध्यापन, अस्पतालको सेवा प्रवाह लगायतमा असर परेको भन्ने जनगुनासोहरु प्राप्त हुन आएकोले यस्ता खालका कार्यक्रम सञ्चालन गर्दा ध्वनी प्रदूषण नहुने तरिकाले गर्नु, गराउनु हुन साथै मेला, महोत्सव, सांस्कृतिक कार्यक्रमलगायतका नाममा हुने विभिन्न गतिविधिहरु जस्तैः जोखिमपूर्ण मनोरन्जनात्मक खेल (रोटेपिङ्ग, ब्रेक डान्स, रेलगाडीलगायत जोखिमपूर्ण खेल), कुस्ती, जुवाजन्य गतिविधिहरु संचालन नगर्नु/नगराउनु हुन अनुरोध गरिएको व्यहोरा विदितै छ । तथापी कार्यालयको अनुरोधलाई अवज्ञा गर्दै यस प्रकारका गतिविधिहरु भइरहेको पाइएकोले प्रशासनको गम्भिर ध्यानाकर्षण भएको छ । तसर्थ यस प्रकारका गतिविधिहरु नगर्नुहुन, डिजे, अर्केष्ट्रालगायतका ध्वनी प्रदुषण हुने गरी नबजाउनहुन र कुनैपनि कार्यक्रमहरु गर्दा रातको १०.०० वजेसम्म मात्र गर्नुहुनसमेत यसै सूचनामार्फत सम्बन्धित सबैमा पुनः जानकारी गराइन्छ । जिल्लाबासी सम्पूर्णले यस अभियानमा स्थानीय प्रशासनलाई सहयोग गर्नुहुनेछ भन्ने पूर्ण अपेक्षा लिइएको छ ।

मिति: २०८०/०८/१३

(ओम प्रसाद भट्टराई)
सहायक प्रमुख जिल्ला अधिकारी

"व्यवसायिक र सिर्जनशील प्रशासन:विकास, समृद्धि र सुशासन"
☎०२५-५६५१५१, ५६५१३१, ५६५०२२, ५६५१७२ (निवास), ०२५-५६६७२८
Email: daosunsari@gmail.com, website: www.daosunsari.moha.gov.np,facebookpage: www.facebook.com/daosunsari